नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ओखलढुंगा

**मिति २०८२/१२/०४ गते बसेको कार्यालय प्रमुखहरुको बैठकको निर्णयहरु:**

१. यस अघि बसेको कार्यालय प्रमुख बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

२. उपस्थित कार्यालय प्रमुखहरुबाट चालु आ.व. ०८२-८३ को माघ -चैत्र त्रैमासिक प्रगति विवरण बैठकमा प्रस्तुत भई छलफल भयो ।

३. जिल्ला विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समिति लगायत विभिन्न समितिहरुबाट भएका निर्णयहरु कार्यान्वयनमा प्राथमिकता दिई यस आ.व. को योजना तथा कार्यक्रम समयमै सम्पन्न गरी लक्ष्य हाँसिल गर्ने तर्फ कार्यालयले ध्यान दिने ।

४. सुख्खायामको शुरुवातसँगै हावाहुरी, आगलागी, चटयाङको जोखिम बढीरहेको हुँदा सुरक्षा निकायहरु लगायत विपद्सँग सम्बन्धित कार्यालयहरुले विपद् जोखिम न्यूनीकरण, उद्धार र राहतमा तत्काल खटिन सक्ने गरी जनशक्ति र स्रोत साधन तयारी अवस्थामा राख्ने ।

५. हावाहुरी, चटयाङ तथा डढेलोबाट विद्युत, टेलिकम, खानेपानीका सेवा आपूर्ती र वितरणमा समस्या हुँदा अन्य कार्यालयको सेवा प्रवाहमा समेत समस्या हुने भएकोले उल्लेखित सेवामा अवरोध आउन नदिन तत् तत् कार्यालयहरुले ध्यान पुर्‍याई प्रभावकारी सेवा प्रवाहको व्यवस्थापन गर्ने ।

६. कार्यालयहरुबाट प्रस्तुत भएको खर्च विवरणमा पुँजीगत खर्च प्रतिशत कम देखिएकोले आगामी दिनहरुमा चालु आ.व. को पुँजीगत खर्च बढ्ने गरी आवश्यक कार्य गर्ने व्यवस्था कार्यालय प्रमुखहरुले मिलाउने ।

७. गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई शान्तपूर्ण, भयरहित, निष्पक्ष र विश्वसनीय रुपमा सम्पन्न गर्न जिल्लास्थित कार्यालय प्रमुखहरुको तर्फबाट पुर्‍याउनुभएको उत्कृष्ट भूमिका र योगदानको लागि प्रमुख जिल्ला अधिकारीबाट धन्यवाद प्रकट गरियो ।

२०८२।१२।०४

मेखबहादुर मंग्राती
प्रमुख जिल्ला अधिकारी